यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।

सम्पर्क : ०६१-५३९४५५



राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ९ ○अंक ७५ ○श्रेणी 'क' ○२०७३ मंसिर ३० गते बिहीबार ○15 Dec. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-



प्लाष्टिक झोलाको विकल्प,
कागज कपडाको संकल्प।
प्लाष्टिक झोलाको सट्टामा
मासु बेचौं बट्टामा।

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग


## अपाङ्गमैत्री संरचना नहुँदा समस्या

### 'अपाङ्गमैत्री संरचनामा ध्यान दिए पर्यटन प्रवर्द्धनमा थप विकास'

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २९ मंसिर ।**

नेपाल आउने अधिकांश विदेशी पर्यटकहरु सुन्दर ठाउँ घुम्न पन पराउँछन । कोही घुमाइ संगै विभिन्न साहसिक गतिविधिमा संलग्न हुन्छन् भने कोही अध्ययन अनुसन्धानका लागि आउने गर्दछन । पछिल्लो समय नेपालमा यी भन्दा भिन्दै खालको पर्यटकहरु आउन थालेका छन् । उनीहरु हुन् अपाङ समूह अन्तर्गतका पर्यटक ।

त्यसमा पनि त्यस्ता पर्यटक जसले ह्वीलचियरको प्रयोग गर्ने गर्दछन् । हालै नेपालको विभिन्न ठाउँहरुको भ्रमण संगै पोखरामा त्यस्तै ह्वीलचियर प्रयोग गर्ने तीन जना पर्यटकहरुले पोखराको भ्रमण गरे । उनीहरुले पोखराको माउण्ट कैलाश रिसोर्टमा दुइ दिन बिताए भने पोखरा आसपासका भेगहरु संगै फेवातालमा डुङ्गा समेत शयर गरे । उनीहरुले आफूहरु शारीरिकरुपमा अशक्त भएपनि दृढ इच्छाशक्तिका कारण नेपाल आएको र एकदम रमाइलो भएको अनुभव वताए ।

नेपालमा पर्यटकका लागि अपाङ्गमैत्री वातावरण भए नभएको थाहा नभइकन पनि आफूहरु नेपालको सुन्दरता र नेपालीहरुको रहन सहनको बारेमा धेरै कुरा सुनेको र प्रत्यक्ष हेर्ने हिसावले पोखरा आइपुगेको इजरायली पर्यटक सोसना विलिन्डरले बताइन । उनले आफूहरुले नेपालीहरुले पर्यटकलाइ गर्ने सम्मान अत्यन्तै स्नहानीय रहेको भन्दै अपाङ्गमैत्री संरचनाहरु निर्माण गरी अगाडि वढेको खण्डमा नेपालमा ह्वीलचियरको




माध्यमबाट घुम्ने पर्यटकको संभावना रहेको बताइन ।

प्राकृतिक हिसावले नेपालीहरु धनी भएको र यहां अन्य पर्यटकको जस्तै ह्वीलचियरमा हिड्ने पर्यटकहरुलाई मध्येनजर गरी त्यस्तै खालको होटलहरु, शौचालय, सवारी साधनको उपलब्धता गर्नतर्फ सरकार र पर्यटन ब्यवसायीहरुले ध्यान दिनुपर्नेमा समेत सुझाव दिइन ।

उनले काठमाडौंमा साझा बसमा यात्रा गर्दा अफ्ठ्यारो महसूस गरेको बताउँदै आफूहरु जस्ता पर्यटकलाई सवारी पनि अपांगमैत्री बनाउनुपर्नेमा जोड दिइन ।

उनले आधुनिक यात्राको रुपमा हेरिने केबुलकारमा समेत अपाङ्गमैत्री ब्यवस्था नहुँदा आफूहरुलाई खसीबोका र सामान बोक्ने कोर्कामा बोक्नुपर्दा निकै अफ्ठ्यारो लागेको बताइन ।

अर्का पर्यटक खायम कोसोचिभित्जले पोखरा अत्यन्तै सुन्दर रहेको र पोखरेलीको मन पनि अत्यन्तै राम्रो, पर्यटकलाई हेर्ने र सत्कार पनि अन्य ठाउँको भन्दा फरक रहेको बताए । लेकसाइड संगै जोडिएको फेवातालमा डुङ्गा सयर गरी मनोरम हिमाल र जंगल हेर्दा आफू प्रकृतिप्रति निकै मनमोहक भएको र आफू अपाङ्ग भएर पनि अपाङ्ग नभए जस्तो अनुभव भएको बताए । तालमा संचालन गरिने डुङ्गा पनि अपाङ्गमैत्री बनाए आफूहरुलाई अझै सहज हुने उनको भनाइ थियो ।

अपांगमैत्री संरचना भन्दा पनि आफूहरुलाई विश्वको सर्वोच्च शिखर सगरमाथाको देश, काठमाडौं , चितवन र पोखराको नाम सुनेको र एकपटक पुग्नै पर्छ भन्ने सोचेर आफूहरु १४ दिने भ्रमणमा नेपाल आएको वताए । आफूहरुले नेपालको बारेमा इजरायलमा गएर अन्य ह्वीलचियर प्रयोग कर्तालाई समेत जानकारी दिने र आगामी दिनमा आफूहरु जस्ता पर्यटकहरुलाई नेपाल घुम्न आग्रह गर्ने समेत उनको भनाइ रहेको थियो । काठमाडौंको साझा बस र चन्द्रागिरी र मनकामना संचालित केबुलकार र पोखराको फेवातालमा डुङ्गा शयर गरेका उनीहरुले बस, केबुलकार, डुङ्गा र होटलहरुमा पनि अपाङ्गमैत्री ब्यवस्था बनाएका खण्डमा आफूहरुलाई सजिलो हुने समेत उनले बताए ।

इजरायली पर्यटकलाई नेपाल घुम्नको लागि केही वर्ष इजरायलमै सामाजिक क्षेत्रमा


***बाँकी अन्तिम पृष्ठमा......***


## फेवाताल–सराङकोट केवलकार शिलान्यास




**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २९ मंसिर ।**

पोखराको फेवातालदेखि सराङ्कोटसम्म केवलकार बन्ने भएको छ । अन्नपूर्ण केवलकार प्रालीले फेवातालबाट सराङ्कोटसम्म जोड्ने गरी केवलकार बनाउने घोषणा गरेको हो । २ हजार २ सय ७५ मिटर लम्बाई रहेको यो ठाउँमा ७ मिनेटमै पुग्ने गरी केवलकार निर्माण गरिने कम्पनीले बताएको छ । पामे साइडको फेवाताल सेदीबगरमा स्टेशन राखेर केवलकार निर्माण गर्ने लक्ष्य राखिएको केलरबारको अन्नपूर्ण केवलकार प्रालिका अध्यक्ष कालु गुरुङले बुधबार शिलान्यास समेत गरेका छन् ।

यसमा गुरुङसहितका नेपाली व्यवसायीहरुको ७५ प्रतिशत, पूर्व जापानी नागरिक टाकासी मियाहाराको १५ प्रतिशत र स्थानीय जनताको १० प्रतिशत लगानी छ । करिब १ अर्बको लागतमा डेढ वर्षमा केवलकार निर्माण भइसक्ने अन्नपूर्ण केवलकार प्रालिका अध्यक्ष कालु गुरुङले जानकारी दिए ।

२ हजार २ सय ७५ मिटर लम्बाइको केवलकारमा १३ वटा टावर रहने रोप-वे नेपालका अध्यक्ष एवम् इन्जिनियर गुणराज ढकालले जानकारी दिए । उनका अुनसार १७ वटा डब्बाबाट सेवा सञ्चालन गरिने र यात्रुको संख्या बढ्दै गएमा ३५ वटासम्म डब्बा केवलमा राख्न सकिन्छ ।

एउटा डब्बामा ८ जनाले यात्रा गर्न सक्छन् भने १७ डब्बाबाट प्रति घण्टा ५ सय जनालाई सेवा दिन सकिने ढकालले बताए । उनका अनुसार ७ देखि ९ मिनेटमा सेतीबगरबाट सराङकोट पुग्न सकिन्छ । हाल ट्याक्सीमा जाने हो भने पनि लेकसाईडबाट सराङकोट पुग्न करिब ४५ मिनेट लाग्छ ।

सराङकोट र सेतीबगरमा स्टेसन राख्नका लागि प्रालीले जग्गा खरिद गरिसकेको छ भने वन क्षेत्रमा पर्ने २४ रोपनी जग्गाको सट्टाभर्ना भइसकेको छ । सरकारले ४० वर्षका लागि लिजमा उक्त जग्गा उपभोग गर्न स्वीकृति दिएको छ ।

'हामीले कम्पनीको शेयर जनतालाई दिने सोच बनाएका छौं,' गुरुङले भने-'५१ प्रतिशत संस्थापक सदस्यले राखेर ४९ प्रतिशत जनतालाई शेयर दिन सकिन्छ, यसबारे हामीले गृहकार्य गरिरहेका छौं ।' केवलकार निर्माणको जिम्मा चितवन कोई समूहले पाएको छ । नेपालमा सञ्चालनमा रहेका मनकामना र चन्द्रागिरी केबलकार जस्तै भएपनि यो केवलबार नयाँ प्रविधि प्रयोग गरिने भएको छ ।

जापानको निप्पोन केबलकारको प्रविधि र सामान अन्नपूर्ण केबलकारमा प्रयोग हुने इन्जिनियर ढकालले बताए । 'केबलकार निर्माण गर्दा सुरक्षालाई प्राथमिकता दिइनेछ,' ढकालले भने-'केबलबार अन्तर्राष्ट्रिय मापदण्ड अनुसारकै बन्छ ।'

उनका अनुसार केलबलकार निर्माण गर्न ५ वर्षअघि नै सर्भे गरिएको थियो । 'केबलकारमा यात्रा गर्दा हिमाल, ताल, हरियोडाँडा तथा पोखराको मनोरम दृश्यावलोकन गर्न मिल्छ,' अध्यक्ष गुरुङले भने,' यसले सराङकोटमा पर्यटन प्रवर्द्धन गर्नुका साथै केबलकार नयाँ गन्तव्य बन्ने विश्वास लिएका छौं ।'

## मन्त्री पाण्डेद्वारा पोउमनपा कार्यालय अनुगमन

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २९ मंसिर ।**

संघीय मामिला तथा स्थानीय विकास मन्त्री हितराज पाण्डेले बुधबार पोखरा उप-महानगरपालिका कार्यालयको अनुगमन गर्दै सेवालाइ प्राथमिकतामा राखेर कार्य गर्न कर्मचारीलाइ निर्देशन दिएका छन् । मन्त्री पाण्डेले पोखरा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वको पर्यटकीय शहर भएको बताउँदै नीति निर्माणका क्रममा पर्यटनलाइ केन्द्रमा राख्न सुझाव दिए ।

अबका सरकारी कार्यालयहरु



बढिभन्दा बढी आधुनिक प्रविधिमैत्री हुनुको विकल्प नभएको भन्दै प्राविधिक स्तरोन्नतिमा मन्त्रालय सकारात्मक रहेको उनले बताए ।

उनले सेवालाइ प्राथमिकतामा राखेर कार्य गर्न सवै कर्मचारीमा निर्देशन दिए ।

सेवाग्राहीको सेवाका निमित्त सबैभन्दा पहिला कर्मचारी समयमा टेवलमा उपस्थित हुनुपर्ने र समयसम्म रहनुपर्नेमा जोड दिँदै अनुगमनलाइ प्राथमिकतामा राख्न निर्देशन दिएका हुन् ।

निर्देशनका क्रममा बोल्दै उनले नीतिगत निर्णय गरेर टुङ्ग्याउनु पर्ने कतिपय विषयप्रति मन्त्रालय सकारात्मक रहेको र अन्य विषयमा मन्त्रालय सदैव उप-महानगरपालिकासंगै रहेकाले उच्च मनोबलका साथ काम गर्न कर्मचारीलाइ अनुरोध गरे ।

पोखराले हाल गरिरहेका राम्रा कार्यहरुको प्रशंशा गर्दै उनले कार्यकारी अधिकृतलगायत सवै कर्मचारीलाइ धन्यवाद समेत दिए ।

यसअघि पोखरा उप-महानगरपालिका कार्यालयका कार्यकारी अधिकृत नवराज ढुङ्गानाले कार्यालयले हालसालै गरेका कार्य तथा पाइपलाइनमा रहेका कार्यहरु एवम् समस्या र चुनौतीसहितको प्रगति विवरण प्रस्तुत गरेका थिए ।

## बीस दिनदेखि युवती सम्पर्कविहीन

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २९ मंसिर ।**

गोरखा जिल्ला घ्याल्चोक गाविस वडा नं. ५ निवासी २५ वर्षीया अञ्जु तिमिल्सिना (सिर्जना) २० दिनदेखि सम्पर्क विहीन छन् । उनी यहि मंसिर ९ गतेदेखि घर नजिकैबाट सम्पर्क विहीन भएकी हुन् । उनका आफन्तजन तथा प्रहरीले खोजी गरिरहेको भएपनि उनी सम्पर्कमा आउन सकेकी छैनन् । काठमाडौंको जनमैत्री क्याम्पसमा स्नातक तहमा अध्ययनरत अञ्जु क्याम्पस बिदामा घर आएको बेला हराएकी हुन् । परिवारले दिएको जानकारी अनुसार अञ्जु मंसिर ९ गते बिहान करिब ९ बजे घर नजिकैको पसलमा रिचार्ज कार्ड किन्नका लागि निस्किएकी थिइन । रिचार्ज कार्ड किनेर घर फर्कंदै गर्दा बाटोबाटै उनी हराएकी उनकी बहिनी अञ्जनाले गोल्डेन न्यूज दैनिकलाई



अञ्जु तिमिल्सिना

बताइन । दिदीको खोजीमा पोखरा आइपुगेकी बहिनी अञ्जनाले भनिन्-'घर नजिकैको घ्याल्चोकसंगै जोडिएको पृथ्वीराजमार्गस्थित ज्यामिरेघाट बजारमा रिचार्ज कार्ड किन्न निस्कनुभएको दिदी अझै सम्पर्कमा आउन सक्नुभएको छैन ।'

उनका अनुसार अञ्जुले रिचार्ज कार्ड पनि किनेकी छन् भने अञ्जुको मोवाइल केही पर बाटोमै भेटिएको छ । अञ्जुलाई खोज्न उनका परिवार तथा आफन्तहरु गोरखा, काठमाडौं र पोखरामा समेत पुगेका छन् । उनको खोजी गरिदिनका लागि आफन्तले जिल्ला प्रहरी कार्यालय गोरखामा उजुरी समेत दिएका छन् । उजुरीपछि अनुसन्धानमा जुटेको प्रहरीले हालसम्म कुनै जानकारी पाउन नसकेको प्रहरी नायव उपरीक्षक वीरेन्द्र थापाले बताए ।

अञ्जु सम्पर्क विहीन भएको २० दिन बितिसक्दा पनि फेला नगरेपछि परिवार निकै चिन्तित बनेका छन् । घरमा बुबा, आमा, हजुरआमा, दाई र बहिनी समेत छन् । धेरै ठाउँमा खोजी गर्दा पनि अञ्जुको खबर पत्ता लाग्न नसकेपछि परिवारले खोजी गरिदिन आग्रह गर्दै जिल्ला प्रहरी कार्यालय कास्कीमा समेत निवेदन दिने तयारी गरेका छन् ।

## बैठक स्थगित

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २९ मंसिर ।**

*नेपाल र भारतबीचको सम्बन्ध विकासका निम्ति गठन गरिएको प्रबुद्ध समूहको आगामी बैठक स्थगित भएको छ। द्विपक्षीय सहमतिका आधारमा प्रबुद्ध समूहको बैठक आगामी डिसेम्बर २२ र २३ गते नेपालको पोखरामा बस्ने तयारी भएको थियो। 'उताबाट हामीलाई आज बैठक स्थगित गरौं भन्ने पत्र प्राप्त भयो,' प्रबुद्ध समूहका सदस्य राजन भट्टराईले भने-'अब स्थगित भएको बैठक छिट्टै होला भन्ने आशा गरौं।' उनका अनुसार भारतका तर्फबाट प्रबुद्ध समूह सदस्य भगत सिंह कोसीयारी चुनावका लागि व्यस्त रहेको र अर्का सदस्य महेन्द्र लामा बाहिर जानु परेकाले बैठक स्थगित भएको हो।*

*आगामी बैठका नेपाल भारतबीच सम्पन्न भएको १९५० को सन्धि, द्विपक्षीय ब्यापार र जलस्रोतका विषयमा छलफल हुने कार्यक्रम थियो। उक्त समूहमा नेपालका तर्फबाट भट्टराई, निलाम्बर आचार्य, भेषबहादुर थापा र सूर्यनाथ उपाध्याय सदस्य छन्। त्यसैगरी, भारतका तर्फबाट कोसीयारी, जयन्तप्रसाद, बिसी उप्रेती, लामा सदस्य छन्।*


राष्ट्रिय औद्योगिक व्यापार मेला २०७३-पोखरा

मेलामा आजका विशेष आकर्षणहरू

लोकदोहोरीतर्फ : रामजी खाँड, शंकरविरही गुरुङ, जीवन दाहाल, सुरेन्द्र गुरुङ, रामजी पौडेल, भीमसेन खतिवडा, कृष्ण अखेली, शान्ति डोटेल, रमा राजा, प्रिया गुरुङ र नेत्र खड्काको प्रस्तुति

पपतर्फ : आनन्द बज्राचार्य र रजनी राइको प्रस्तुति।

हास्यतर्फ : पप्लसा र सुरबीरको जोडदार प्रस्तुति।

साथमा

❖पिसिसिआइ गायन ताराको नियमित प्रस्तुति।

विशेष आकर्षण : शारीरिक सुगठन (वडी विल्डिङ)

विस्तृत जानकारीको लागि:
पोखरा उद्योग वाणिज्य संघ,गैह्रापाटन, पोखरा
फोन नं.: ०६१-५२०२६४, ५२२२६४, ५२५२६४ फ्याक्स नं.: ०६१-५२१०८४

ग्राहक वर्गमा खुशीको खबर

माछापुच्छ्रे ब्रिक फ्याक्ट्री प्रा.लि.द्वारा उत्पादित गुणस्तरीय, मजबूत, सुन्दर एवं भूकम्प प्रतिरेधात्मक विभिन्न साइज र आकारका इट्टाहरु सर्वत्र बजारमा उपलव्ध छ।

❖मूल्य : रू. ११.५०/- प्रति पिस (करसहित कम्पनी रेटमा)

माछापुच्छ्रे ब्रिक फ्याक्ट्री प्रा.लि.
अधिकृत विक्रेता : श्री विन्ध्यवासिनी व्रिक सप्लायर्स
पोखरा–८, सृजनाचोक, फोन : ०६१–५३४२३०
९८५६०२४६४९, ९८५६०२१३१८, ९८४६०२१३१८

गुणस्तरीय सेवाका लागि सदैव हामीलाई सम्झनुहोस्।

कोरियन भाषामा नयाँ भर्ना खुल्यो

Eps Topik-2017 का लागि अनुभवी प्रशिक्षकद्वारा नयाँ पाठ्यक्रममा श्रव्यदृश्य माध्यमबाट नयाँ कक्षामा भर्ना खुल्यो।

| | | | |
|---|---|---|---|
| कक्षा: विहान | ८-९ बजे | दिनमा | १-२ बजे |
| | ९-१० बजे | | ४-५ बजे |
| | | साँझमा | ५-६ बजे |

❖कक्षा सञ्चालन भैरहेको छ ।

सम्पर्क

अन्नपूर्ण कम्प्युटर एण्ड मिडिया ट्रेनिङ इन्स्टिच्यूट (कोरियन भाषा केन्द्र)
पोखरा–४, सिद्वार्थचोक (पुष्परत्न भवन)
शाखा कार्यालय : पोखरा–१७,विरौटा,(शिब प्लाजा)
फोन :०६१–५२४२२७, ९८५६०३०५५५,९८४७६५५८८८

■ अविरल असफलता बाहेक अरू सबै कुरा सहन सकिन्छ ।

\- *गेटो*

## सम्पादकीय ...

# भारतको चाहना के हो ?

भारतले नेपालसँग भएको विद्युत् खरिद सम्झौताका आधारभूत मर्मविपरीत हुने गरी सीमापार विद्युत् व्यापार निर्देशिका कार्यान्वयनमा ल्याएको छ । भारतीय ऊर्जा मन्त्रालयले हालै जारी गरेको नीतिमा अर्को देशबाट विद्युत् खरिद गर्दा निजी क्षेत्रको मात्र लगानी रहेको विद्युत् खरिद नगर्ने गरी आदेश गरेको छ । उसले नेपाल, भुटान र बंगलादेशसँग विद्युत् खरिद गर्दा विदेशी निजी कम्पनीले उत्पादन गरेको विद्युत् खरिद नगर्ने नीति लिएपछि नेपालमा त्यसको प्रत्यक्ष असर पर्ने भएको छ । आउने वर्षमा नेपालले विद्युत् उत्पादन गरी भारतीय बजारमा निर्यात गर्ने सम्भावनालाई यसले धेरै हदसम्म नियन्त्रण गर्ने चिन्ता नेपालका नीति निर्मातामा सुरु भएको छ । भारतको नयाँ नीतिको प्रस्ट लक्ष्य के देखिन्छ भने ऊ नेपालको जलविद्युत् विकासमा भारतीयबाहेक तेस्रो देशको पुँजी क्षणभरमा नियन्त्रण गर्न चाहन्छ । नेपालले विद्युत् उत्पादन गरेपछि अतिरिक्त उत्पादन बिक्री गर्ने मुख्य बजार भारत नै हो । चीनसँग विद्युत् व्यापारको सम्भावना भए पनि त्यो तत्कालको विकल्प बन्ने देखिन्न । यसरी एकप्रकारको ग्राहक एकाधिकार भारतले प्राप्त गरेको छ । भारतलाई लामो समयपछि वैकल्पिक ऊर्जाका स्रोत विकास गरी जलविद्युतको आवश्यकता घटाउने विकल्प भए पनि तत्कालका लागि सबैभन्दा सस्तो विकल्प नेपालमा उत्पादन हुने विद्युत् पनि हो । यही भएर पनि कतिपय भारतीय निजी तथा सरकारी कम्पनी नेपालको जलविद्युत्मा लगानी गर्न आएका छन् । अरुण तेस्रो र माथिल्लो कर्णाली परियोजनामा भारतीय लगानी त्यही सन्दर्भमा आएको मान्न सकिन्छ । यता भारत सरकार र नेपाल सरकारको संयुक्त लगानीमा महाकालीमा ६ हजार मेगावाटभन्दा बढी विद्युत् उत्पादन गर्ने गरी सम्झौता भएर काम अघि बढेको छ । यसबाहेक नेपालमा अहिले चीनलगायत तेस्रो विश्वका लगानीकर्तासहित नेपालको निजी क्षेत्र पनि आकर्षित भएको छ । यसरी आउने लगानी पनि भारतमा निर्यातका सम्भावना भए मात्र आउने हो । नेपालको आन्तरिक बजारले सबै विद्युत् खपत गर्ने सम्भावना कमसेकम अहिलेलाई छैन । यस्तो अवस्थामा नेपालमा उत्पादन हुने बिजुलीको सम्भावित एकल मात्र बजारका रूपमा रहेको भारतले नेपालमा तेस्रो देशको लगानीको ढोको बन्द गर्दै नेपालको जलस्रोतको उपयोगमाथि आफ्नो एकाधिकार र नियन्त्रण कायम गर्न खोजेको प्रस्ट हुन जान्छ । यस सम्बन्धमा नेपाल सरकारका अधिकारीले अहिलेसम्म कुनै औपचारिक प्रतिक्रिया जनाएका छैनन् । भारत र नेपालबीच सम्पन्न विद्युत् व्यापार सम्झौताले नेपालमा उत्पादित बिजुली भारतले सहजरूपमा खरिद गर्ने अर्थ लाग्ने वाक्य छन् । दुई देशबीच सम्पन्न सहमति सम्झौता भारतले पालना गर्न नचाहेको हो या त्यसलाई आफ्नो अनुकूल व्याख्या मात्र गरेको हो, त्यो भने बिस्तारै खुल्दै जानेछ । तर, अहिले नेपालको आर्थिक विकासको एउटा महत्वपूर्ण आधारका रूपमा लिइएको जलविद्युत् क्षेत्रमा भारतले अप्रत्यक्ष रूपमा तगारो तेर्स्याउनु आफैँमा दुई देशबीचको सम्बन्ध विकासका दृष्टिले समेत नकारात्मक हुन सक्छ । यसलाई नेपाललाई अहित नहुने र नेपालमा आन्तरिक तथा बाह्य निजी क्षेत्रको लगानीलाई निरुत्साहित नहुने गरी परिमार्जन गरिने अपेक्षा नेपालले गरेको छ ।

## आजको पञ्चाङ्ग

**मिति २०७३ साल मंसिर ३० गते बिहीबार, तदनुसार दिसेम्वर १५ सन् २०१६, श्रीशाके १९३८, नेपाल संवत् ११३७, सौम्यनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शरद ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार पौषकृष्णपक्ष चलिरहेको छ। सौरमान अनुसार आज पौषकृष्णपक्षको पूर्णिमा द्वितीय अहोरात्र रहनेछ। आज सूर्य वृश्चिक राशिमा, चन्द्रमा मिथुन राशिमा अहोरात्र रहनेछ। आज दिनमान २५ घटि ५२ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ४८ मिनेटमा रावण मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ०९ मिनेटमा हुनेछ।**

## आजको राशिफल

**मेष** : विद्यामा प्रगति हुनेछ, प्रेम प्रसङ्ग सफल रहनेछ, यात्रा फलदायी, आर्थिक वृद्धि हुन सक्ने, दिन शुभ छ ।

**वृष** : दाजु भाइमा मनमुटाव हुन सक्ने, धन हानीको योग रहेकोछ, अपजस आइ लाग्ने, मानसिक असन्तोष हुने ।

**मिथुन** : आरोग्यता, एक्कासि धनलाभ हुन सक्ने, इष्टत्रिसँग भेटघाट हुनेछ, कार्यमा सफलता मिल्नेछ, दिन राम्रो छ ।

**कर्कट** : आफन्तसँग झगडा हुने, कार्यमा विघ्नबाधा आइलाग्ने, पेट वा कम्मर रोगले सताउनेछ, सतर्क हुनुहोला ।

**सिंह** : यात्रा असफल, खानामा गडबढी हुन सक्ने, कार्य अधुरा रहनेछन, छोराछोरीले सताउने, वायू रोगले सताउने ।

**कन्या** : गुमेको धन हातलाग्ने, पारिवारिक सहयोग पाइने, यश कीर्ति बढ्ने, पढाइमा मनजाने दिन राम्रो छ ।

**तुला** : समाजमा झगडा बढ्नेछ, इज्जतमा आँच आउने, मन चञ्चल रहनेछ, पेट रोग लाग्ने, सतर्क रहनुहोला ।

**वृश्चिक** : धन प्राप्ति, सबै प्रकारको कार्यमा सफलता, हर्ष र खुशीका समाचार सुन्नुपर्ला, साथीभाइको सहयोग पाइने ।

**धनु** : व्यापार व्यवसायमा घाटा, आफन्तले नै विरोध गर्ने, काम अधुरा रहनेछन्, स्वास्थ्य राम्रै रहेपनि मनमा अशान्ति हुने ।

**मकर** : शत्रुमाथि विजय, घरमा नयाँ चहलपहल, धनलाभ, सबै काममा सफलता, समयको सदुपयोग गर्नुहोला ।

**कुम्भ** : शोक पर्ने समाचार सुन्नुपर्ला, एक्कासी विवाद पर्ने, नकारात्मक सोचाइले शत्रु वृद्धि हुने ।

**मीन** : सन्तानको सहयोगले अधुरा कार्य पूरा, उत्साह उमंग थपिनाले दिन अत्यन्तै राम्रो रहनेछ उपयोग गर्नुहोला ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# संविधान संशोधन किन ?



रामनारायण विडारी

पछिल्लो समय संविधान संशोधनबारे व्यापक बहस भइरहादा यसबारे सर्वोच्च अदालतमा पनि बहस चलिरहेको छ । राजनीतिक वृत्तदेखि सर्वसाधारणसम्ममा यसको चर्चा छ । संविधान संशोधन हुन सक्दैन र भन्ने प्रश्न चौतर्फी सकारात्मक र नकारात्मक ढंगबाट उठेको छ । यसको उत्तर सहज छ । संविधानको २७४ धारा पूरक वा सहायक नभई स्वतन्त्र धारा हो । यसलाई अरु धाराले प्रतिबन्ध लगाएको छैन । यो संक्रमणकालीन धारा पनि होइन । तसर्थ यस धारामा असंशोधनीय भनी लेखेको बाहेक सबै चिज संशोधन हुन सक्छ । जहाँसम्म प्रदेशको सीमा सम्बन्धमा संशोधन गर्न प्रदेश सभामा पठाउादा त्यहााको स्वीकृति आएपछि मात्र संशोधन गर्नुपर्ने प्रावधान छ, यो व्यवस्था प्रदेश सभा गठन भइसकेको अवस्थामा मात्र हो । प्रदेश सभा गठन नै नभएको अवस्थामा सो प्रावधान आकृष्ट हुँदैन । प्रदेश सभाले स्वीकृत वा अस्वीकृत भनी नबोली बसेमा पनि संघीय संसदले संशोधन गर्न सक्ने प्रावधान यही धारामा छ । अस्वीकृत गरेमा मात्र विधेयक निष्क्रिय हुन जान्छ ।

संविधानको व्याख्या गर्दा कोरा अक्षर मात्र व्याख्या नगरी सुनौलो व्याख्याको सिद्धान्त अनुरुप गर्नुपर्छ । संविधानको मर्मले पनि प्रदेश सभाको स्वीकृति माग गरेको छ । प्रदेश सभा नभएको अवस्थामा के गर्ने भन्नेमा संविधान मौन छ । प्रदेशको चुनाव नभएको अवस्थामा संविधान संशोधन गर्न आवश्यक भयो भने आवश्यकताको सिद्धान्त लागू हुन्छ । संविधान संशोधन नभई चुनावी वातावरण नहुने, चुनाव नभई प्रदेश सभा नहुने भएमा दशकौं वर्ष मुलुक अनिर्णयको बन्दी भएर बस्न मिल्दैन। यस्तो अवस्थामा अण्डा पहिला कि चल्ला पहिला भने जस्तै गरी बहस गरेर समय बिताउने हो त ? पक्कै होइन । अहिले मुलुकमा संविधान संशोधन गरी सबै वा अत्यधिक जनताको समर्थनमा संविधान कार्यान्वयन गर्न चुनाव गर्नुपर्ने खाँचो छ । चुनावको निम्ति संविधान संशोधन गर्न आवश्यक छ ।

अहिले अझ संशोधन राष्ट्रघाती छ भन्ने गलत र बेप्रसंगको नारा उठाइएको छ । प्रदेशको सीमा नमिल्न सक्ला, तर राष्ट्रघाती होइन । यदि तराई मात्र राखेर प्रदेश बनाएको कुरा राष्ट्रघाती हो भने हालको २ नम्बर प्रदेश बनाउने पनि राष्ट्रघाती हुन् । मधेसी दलहरु बाहेक नेपालका सबै दल राष्ट्रघाती हो त ? किनकि २ नम्बर प्रदेश बनाउादा मधेसी दल बाहेक सबैले हस्ताक्षर गरेका छन् । कांग्रेस र एमालेले संविधानसभामा अहिले संशोधनमा व्यवस्था गरेको ५ नम्बर प्रदेश प्रस्ताव गरेको थियो । के त्यो एमालेले राष्ट्रघात अन्तर्गत गरेको हो त ?

संविधानको अपख्याख्या गर्न माहिर एमालेले सदनमा बहुमत भए पनि प्रधानमन्त्री फेर्न मिल्दैन भनेर वितण्डा मच्चायो । अहिले प्रदेश सभाको चुनाव नभई प्रदेश सभाको सिमाना फेरबदल गरी संशोधन गर्न मिल्दैन भनि अर्को वितण्डा मच्चाउँदै छ । प्रदेश सभा गठन भइसकेको अवस्थामा र गठन भई विघटन भएको अवस्थामा मात्र संशोधनको प्रस्ताव प्रदेश सभाको स्वीकृति आवश्यक हो ।

अहिले प्रदेश सभा गठन वा चुनाव नै नभएको अवस्था र व्यवस्थापिका संसदले संघीय संसदको काम गर्न सक्ने भएकोले संशोधनको प्रस्ताव संसदले दुई तिहाइ मतबाट पारित गर्न सक्छ । सर्वोच्च अदालतले पनि प्रारम्भमा नै संशोधन प्रस्तावमा काम अगाडि नबढाउनू भनि अन्तरिम आदेश गर्नुपर्ने अवस्था देखेन । सर्वोच्चले पनि निवेदकले निवेदनमा भनेको कुरा के हो भनी कारण सोधेको कुरालाई पनि विपक्षीका मतियारले बेप्रसंगको हल्ला फिजाएर जनतामा भ्रम पार्न खोजेको देखिन्छ ।

हाल प्रदेश भूभाग भएको तर प्रदेश सभा गठन नभएको अवस्था हो । संविधान संशोधन भूभागले गर्ने होइन । प्रदेश सभाले स्वीकृति दिने भए पनि संविधानतः प्रदेश सभा उत्पत्ति नै भएको छैन । प्रदेश सभाको अस्तित्व नै नरहेको स्थितिमा संशोधनका लागि उसको स्वीकृति वा अस्वीकृति लिनुपर्छ भनी जिकिर गर्नु देश र जनतालाई धोका दिनु हो । तसर्थ संविधान संशोधन गर्ने अधिकार जनताको प्रतिनिधि संस्था सदनको भएकोले उसले धारा २७४ बमोजिम निर्विवाद संशोधन गर्न सक्छ । यसलाइ अन्त कतैबाट हस्तक्षेप गर्न मिल्दैन ।

खासमा सदन अवरुद्ध गर्नु सदनकै अपमान हो । संशोधन ठीक छैन भने प्रस्तावमा हुन्न भन्ने मत दिएर असफल बनाउन सकिन्छ । यो काम गर्न एमालेलाई कसले रोक्यो ? किन सदन चल्न दिन्न भनी सरकार ढाल्न र सरकारका अन्य काम रोक्न उद्दत छ ? महाभियोगको प्रस्ताव अगाडि बढाउन नदिने काममा सहयोग पुग्ने गरी कसको आड र आदेशमा काम गरिरहेको छ ऊ ? चुनावको कुरा गर्ने अनि चुनावी कानुन बनाउन सदन चल्न नदिने यो एमालेको नीति कस्तो हो ?

संशोधनको अर्को विषय छ, विदेशी महिलाले नेपालीसंग विवाह गरेमा संघीय कानुन बमोजिम अंगीकृत नागरिकता प्राप्त गर्ने सम्बन्धमा संघीय कानुनको साटो प्रचलित कानुन लेख्ने भन्ने सम्बन्धमा प्रचलित कानुन लेख्न मिल्दैन । किनकि प्रचलित कानुन भन्नाले स्थानीय र प्रदेश कानुन समेत जनाउँछ ।

नेपालको नागरिकता प्रदेशबाट दिने नभई संघबाट दिने हुनाले नागरिकता सम्बन्धी कानुन संघीय कानुन बमोजिम हुन्छ । अन्तरिम संविधान बनाउँदा नेपाल संघीय अवस्थामा थिएन । त्यसैले धारा ८ मा प्रचलित कानुन लेखिएको हो । अब नेपाल संघीयतामा प्रवेश गरेकोले संघीय कानुन भन्नु नै उपयुक्त छ । अन्तरिम संविधानमा सबै राजनीतिक दलको सहमति छ । जसमा मधेसी दलको पनि निःशर्त सहमति छ । धारा १३८ ( १ क) नेपाल राज्यको पुनर्संरचनाको अन्तिम टुंगो संविधानसभाले गर्ने कुरा यकिन गरेको छ । यो मधेस आन्दोलनपछि थपिएको धारा हो । त्यसैले संविधानसभाले राज्य पुनर्संरचना गरेको कुरालाई मधेसी नेताले पनि मान्नुपर्ने हुन्छ । तसर्थ मधेसी दलले अहिलेको संविधानलाई पालना गर्नु उसको धर्म हो । संशोधन गर्नु भनेको आवश्यकता हो । यो धर्म र आवश्यकतालाई विचार गरेर संविधान संशोधन गरी चाँडै चुनाव गर्नु अति आवश्यक छ ।

जहाँसम्म भारतले पनि संशोधनको सर्मथन गरेको भन्ने कुरा छ, त्यो बेतुकको कुरा हो । भारतपरस्त भनि आरोपत मधेसी नेताहरुको यो संशोधनमा समर्थन छैन । त्यस कारण विदेशी कुरा सुन्नु आवश्यक छैन । उसले भने बमोजिम गर्ने नभई हामीले नेपालको आवश्यकता अनुसार गर्ने हो । भाषाको सम्बन्धमा भाषा आयोगको सिफारिशमा सरकारले सूचीकृत गर्ने हो । यसमा विदेशीको प्रभाव कसरी पर्छ ? भाषा आयोगमा नेपाली हुन्छन्, सरकार नेपालको छ । यसलाई पनि अपव्याख्या गर्नु अपराध हो । चुनाव गर्नुपर्ने हो भने हिमाल, पहाड, तराई सबैको समान सहयोग आवश्यक छ । संघीयताको मर्म र सिद्धान्त बुझ्ने नचाहने र बुझपचाउनेका लागि कुनै औषधि छैन ।

(विडारी सांसद समेत हुन् ।)

# आरक्षण र पहिचानको कन्तबिजोग



यमुना अर्याल

केही दिनअघि नयाँ बानेश्वरबाट बल्खु जाने नेपाल यातायात चढेँ । बस अरु दिन जस्तो भरिभराउ थिएन, एउटा सिट सजिलै पाइयो । ठाउँ-ठाउँमा यात्रु चढाउँदै गर्दा खाली सिट भरिए । महल कर कार्यालयको अगाडि दुई जना बूढीआमाले बस रोक्न इशारा गरे, 'ए बाबु कहाँ जाने हो ? कालीमाटी जान्छ होला ?' कन्डक्टर भाइले 'जान्छ आमा' भन्दै चढाएपछि बस हुइँकियो । दुई जनाले यताउति आँखा डुलाए, खाली सिट कतै थिएन ।

'ल ल, अलि पछाडि जानुस्, अलि परबाट खाली भइहाल्छ', कन्डक्टर भाइले आफ्नो काम पूरा गर्दैथ्यो । दायाँपट्टिको दोस्रो सिटमा बसिरहेकी थिएँ म । तीमध्ये एक जना आमालाई बस्न आग्रह गरेँ । आमाले सोधिन्, 'नानी यतै झर्ने हो र ?' मैले 'होइन आमा, म बल्खु जाने हो, म उभिएर जान सकिहाल्छु नि' भनेँ । सिटमा बस्न पाउँदा आमाको मुहारमा खुसी देखियो । हरेक बसमा ज्येष्ठ नागरिक, अशक्त यात्रु, बालबच्चा बोकेका महिलाको लागि भनेर आरक्षण सिटको व्यवस्था गरिएको हुन्छ । तर, त्यस्तो सिटमा को बस्ने गर्छ, कसैलाई हेक्का छैन ।

महिलाको सिट लेखिएको अगाडिको सिटमा दुई जना पाको उमेरका र दुई जना भर्खरका ठिटी बसेका थिए । ती युवतीलाई आग्रह गरेँ, 'बैनी, हामी त उभिएर गइहाल्छौं नि, बूढी आमालाई सिट छोड्दिनुस् न है ।' मेरो प्रश्न सुनेर एक जनाले निधार खुम्चाइन् । अर्की कानमा एयरफोन लगाएर गफमा मस्त थिइन् । निधार खुम्च्याउँदै युवती कड्किइन्, 'के हामी महिला होइन र ? महिला सिटमा हामी बस्न नपाउनु ?' मैले बोल्ने ठाउँ देखिनँ । महिला सिट बूढा आमा-बाको लागि होइन रहेछ, भर्खरका युवतिका लागि रहेछ भनेर धिक्कार लाग्यो । पछाडिको सिटमा बसेका अधबैंशे पुरुषले आमालाई बस्न दिँदै भने,-'तपाईं जस्ता बूढाबूढीलाई उभ्याएर हामी लाठे तन्नेरी बस्न नमिल्ने हो, तर के गर्नु ? बोल्न मिल्दैन, जमाना खराब छ ।' बल्ल त्रिपुरेश्वर पुगेर आमाले सिट पाइन् ।

ती पुरुषले छाडेको सिटमा बस्दै आमाले खिन्नता पोखिन्, 'के गर्नु बाबु, तपाईंले पछाडिबाट म बूढी उभिएको देखेर सिट छोड्दिनुभो, अगाडिको सिटमा अघिदेखि यो नानीले आमालाई बस्न दिनुस् भन्दै बिन्ती गरे पनि ती नानीहरुले सुन्दै सुनेनन् ।' पाको उमेरका धेरै बुबाआमाहरु उभिएका थिए, तन्नेरी युवा-युवतिहरु मस्तसँग सिटमा बसेका थिए । वानेश्वरबाट बल्खुसम्मको दूरी टाढा पनि होइन । तर, २०/२५ मिनेटको बाटोमा उभिएर जाऔं, कम्तीमा वृद्धवृद्धा लाई सिट छाडिदिऔं भन्ने भावना कसैलाई आएन ।

टेकुबाट एउटी महिला काखे बच्चा बोकेर चढिन्, उनले पनि सिट पाइनन् । कोचाकोचमा अत्तालिएर बच्चा रोयो । सिटमा बसेकी युवतितर्क गर्दै थिइन्, 'यी केटाहरु कस्ता सोमत नभएका है ! यस्तो बच्चा बोकेको महिला चढेपछि खुरुक्क सिट छोडदिनुपर्छ नि !'

नले केटाले सिट छोड्दिनुपर्ने तर्क गरिन, तर आफूले ठाउँ छाड्नुपर्ने आवश्यकता महसुस गरिनन् । एक हातले बच्चा समातेकी महिला अर्को हातले बसको डन्डी समाइरहेकी थिइन् । बस रोकिएर एक्कासी हुइँकिँदा बच्चा चर्को स्वरले रुन्थ्यो बाबु नरोऊ भन्दै थुमथुमाउँथिन् । तर, कसैले उनको लागि सिट छोड्दिएन । धन्न रहेछ आरक्षण सिट ! लक्का जवान युवायुवतीले ओगट्ने र बस्ने वृद्धवृद्धा, अशक्त र बच्चा बोकेका महिलाहरु झुन्डिएर यात्रा गर्नुपर्ने । आरक्षण सिटलाई आफ्नो अधिकार सम्झने युवतीहरूले मानवीय नाता र दायित्व भने भुलेको देखिन्छ । तन्नेरी युवाहरु पनि भर्खरका युवतीलाई सजिलै सिट छोड्छन् तर खास दिनुपर्नेलाई वास्ता गर्दैनन् ।

**आरक्षण पाउन पहिचानको कुरा, जागिर खाएपछि गुपचुप ?**

एकजना साथीले केही समयअघि मधेसी कोटाबाट प्रशासनतर्फको खरिदार पदमा नाम निकालिन् । नयाँ नियुक्ति लिएपछि तीनदिने तालिममा उनी पनि तालिम केन्द्रमा पुगिन् । मसँग पहिलेदेखि चिनजान भएकोले अन्य साथीसँग परिचय गराइदिएँ । उनीसँग बोल्ने क्रममा साथीहरुले छक्क पर्दै भने, 'तपाईं त मधेसी हुनुहुँदो रहेछ, तर बोलीचाली मधेसको जस्तो नलाग्ने है ।'

आफूलाई मधेसी भनेपछि अघिसम्म उज्यालो मुहारमा गफ गरिरहेकी साथी एकाएक रातोपिरो अनुहार लगाउँदै एक्लै बर्बराउन पो थालिन् । 'म काली हुनुपर्थ्यो मधेसको हुनको लागि ? हिन्दी वा मैथिलीमा बोल्नुपर्थ्यो, कपालमा पछ्यौराको घुम्टो ओढ्नुपर्थ्यो ? मधेशी भनेर हेपेको ?' मानौं उनलाई मधेसी भन्नु साथीहरूको गम्भीर अपराध भयो ।

मैले सम्झाउने कोसिस गरे पनि उनी शान्त भइनन् । उनलाई सम्झाउने खोज्दै भनेँ, 'म पहाडकी छोरी हुँ, पहाडिया भन्दा गर्व लाग्छ । बाहुनकी छोरी भएकोले नाक चुच्चो छ, बाहुनी भनेर कसैले भन्छ भने पनि आपत्ति छैन । यसमा किन दुःख मान्नु ? तिमीले मधेसी कोटाबाट नाम निकालेको होइन भने म मधेसकी छोरी होइन भनेर भन । सरकारी जागिर खानको लागि त्यही मधेसको पहिचान अचुक अस्त्र हुने तर साथीसंगीले मधेसकी हौ भन्दा आत्मग्लानी हुने ? हाकाहाकी भन न म मधेसकी छोरी हुँ । मधेसमा छोरीलाई पढाउने चलन छैन, आफू पढेर सरकारी जागिरमा नाम निकाल्न सफल भएँ भन, अरुको लागि उदाहरण पनि त बन्न सक्छयौ नि ।' अन्त्यमा मित्र शालीन भइन्, 'मधेसिया भनेपछि हामीलाई जहाँ पनि हेपिहाल्छ के, त्यही भएर मात्र हो, नत्र मलाई केही गुनासो छैन ।'

'हेप्छन भने त्यो हेप्नेको कमजोरी हो, तिम्रो हाम्रो होइन ।' ती साथी मात्र होइन, यस्ता धेरै पात्र छन्, जसलाई आफ्नो पहिचान जागिरका लागि नाम निकालुन्जेलका लागि मात्र हतियार बन्ने गरेको छ । हिमालमा बस्नेलाई हिमाली भन्न नहुने, पहाडको पहाडिया भन्न नहुने, मधेसमा बस्नेलाई मधेसी भन्न नहुने भएपछि किन चाहियो आरक्षण ? किन चाहियो पहिचानको कुरा ? जो जहाँको सम्प्रदायको व्यक्ति हो, त्यहाँको सम्बोधन उसको लागि पाच्य छैन भने आन्दोलनको नारा घन्काउने किन ? चर्का भाषण गर्ने कसको लागि ? सरकारले मधेसी, दलित, जनजाति, पिछडिएको क्षेत्र, अपांग महिला भनेर आरक्षण छुट्याइएको छ । त्यही आरक्षणमा प्रतिस्पर्धा गरेर अवसर पाउनको लागि हामी आफूलाई मधेसी, दलित, जनजाति, अपांग केही भएको महसुस गर्दैनौं, तर जागिर खाइसकेपछि त्यो पहिचान टाउको दुखाइ बन्नु गलत हो । जागिरमा छिरेपछि बढुवाको लागि फेरि त्यही पहिचान चाहिन्छ । मधेसकाले आफू मधेसी भएको प्रमाण दिन्छ । त्यसैगरी जनजाति, दलित, अपांगहरूले आफ्ना प्रमाण पेश गर्छन् । तर, पछि त्यही पहिचान टाउको दुखाइको विषय किन बन्छ ?

कतिजना साथीहरु छन्, दलित कोटाबाट नाम निकाले पनि दलित भन्ने शब्द तिनलाई मन पर्दैन । दलित कोटाबाट नाम निकालेका दुई जना नयाँ कर्मचारीले नियुक्तिपत्र बुझेर बाहिर निस्कदा अर्कै थर बताए पछि चिन्नै गाह्रो भएको थियो । हामीले आफ्नै पहिचान बिझाउँछ र त्यसलाई बेइज्जत सम्झन्छौं भने किन पहिचान र अधिकारका कुरा गर्छौं ? आफ्नो पहिचानमा इज्जत र सम्मान गरौं । पहिलो कुरा त हामी सबै नेपाली नागरिक हौं, जातजाति नागरिकभित्रका विभिन्न हाँगाविगा मात्र हो । जागिर खाँदा त्यो आरक्षणको जति मूल्य हुन्छ, जागिर खाइसकेपछि पनि त्यसको इज्जत गर्न सिकौं ।

# चिप्लेढुङ्गामा बार्दली सहकारी उद्‌घाटन

**पोखरा २९ मंसिर ।**

बार्दली बचत तथा ऋण सहकारी संस्था लि.ले आफ्नो नयाँ कार्यलय चिप्लेढुङ्गाबाट कारोबार शुरु गरेको छ । ०६९ देखि पोखराको पृथ्वीचोकमा मूख्य कार्यलय रहेको सहकारीले शुरुमा १० लाख सेयर पुँजीबाट कारोबार शुरु गरेको थियो । २ सय ९० शेयर सदस्य रहेको सहकारीको शेयर पुँजी २ करोड २५ लाख बढि छ । नयाँ मूख्य कार्यलयसंगै सहकारीले डिस्काउण्ट कार्ड, आपतकालिन स्वास्थ्य सेवा, सुनौलो बाल भविष्य, कृषि र व्यापारमा समूहगत लगानी लगायतका नयाँ योजनाहरु सञ्चालनमा ल्याएको छ ।

पोखराको सेलवेज डिपार्टमेन्ट स्टोर, फेवा सिटी हस्पिटलको औषधी र बिग बजार चिप्लेढङ्गा र यामाहा मोटर्सका लागि डिस्काउण्ट कार्डको कार्यक्रम ल्याएको संस्थाका अध्यक्ष रेशम सापकोटाले बताए । संघीय मामिला तथा स्थानीय बिकासमन्त्री हितराज पाण्डेले चिप्लेढुङ्गास्थित सहकारीको नयाँ कार्यलयको उद्घाटन गरेका हुन् । मन्त्री पाण्डेले उत्पीडित, बिपन्न बर्ग र न्यून आय भएकाहरुका जीवनस्तर उकास्न सहकारीले भूमिका खेल्न आग्रह गरे ।

मन्त्री पाण्डेले सबै किसिमका सहकारी संगको सहकार्य र सहयोगमा अघि बढ्न सुझाव दिए ।

नयाँ संविधानमा समाजवादी आर्थिक व्यवस्थाको उल्लेख गरेको उल्लेख गर्दै मन्त्री पाण्डेले वर्तमान सरकार देशको आर्थिक समृद्धि र जनताको ईच्छालाई अघि बढाउन दृढ संकल्प रहेको चर्चा गरे । उनले सरकार संविधानको कार्यान्वयनमा लागेको समेत दावी गरे ।

सहकारी डिभिजन प्रशिक्षण कार्यलयका प्राचार्य बद्रीनाथ अधिकारीले सहकारीका सबै सदस्यहरु समान हुने बताउँदै न्यून आय भएका सदस्यहरुलाई संस्थाले बिशेष प्राथमिकतामा राख्नुपर्ने औंल्याए । पोखरा वडा नं ८/९ वडा सचिव लोकदर्शन कोइरालाले सहकारीले उत्पादनमूलक कार्यमा लगानी गर्नुपर्नेमा जोड दिए ।

संस्थाका सल्लाहकार मोतिलाल तिमिल्सिनाले समस्याग्रस्त संस्थालाई स्तरोन्नती गरेको चर्चा गर्दै न्यून आय भएकाहरुलाई सहकारीले प्राथमिकतामा राख्ने बताए । संस्थाका अध्यक्ष रेशम सापकोटाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष बिरबहादुर थापाले स्वागत मन्तव्य र सचिव मोहन सापकोटाले कार्यक्रम सञ्चालन गरेका थिए ।

# धार्मिक पर्यटकीय स्थल शिवपुरी धाम ओझेलमा

**पर्वत २८ मंसिर ।**

पर्वत जिल्लाको सुदूर दक्षिणभेग स्थित उरामपोखरा गा.वि.स. वडा नं ७ मार्खानीमा रहेको प्रसिद्ध शिवपुरी धाम प्रचार प्रसार एवम् भौतिक पूर्वाधारको अभावमा ओझेलमा परेको छ । धार्मिक पर्यटनका धेरै सम्भावना रहेर पनि प्रचार प्रसार एवम् भौतिक पूर्वाधारको विकास गर्न सके यो स्थललाई धार्मिक पर्यटनको उत्कृष्ट गन्तव्य बनाउन सकिने स्थानीयवासी बताउँछन् ।

२०७० सालको जेठ महिनामा पत्ता लागेको कलात्मक शिबजी गुफा र त्यहाँ भित्रका प्राचीन बैदिक संस्कृति झल्काउने मनमोहक दृश्यहरूले जो कोहीलाई आकर्षित गर्ने स्थानीय समाजसेवी ७२ वर्षीय रामप्रसाद तिवारीले जानकारी दिए।

"२०७० सालको जेठमा खेतमा मकै खाएको दुम्सी लखेट्दै जाँदा गुफा फेला परेको हो," उनले भने-"दुम्सी पसेको सानो प्वालबाट चियाउँदा भित्र उज्यालो प्रकाश देखेपछि के रहेछ भनि उक्त प्वाललाई केही फराकिलो बनाएर हेर्दा वरीपरी पानीको पोखरी बीचमा शिवलिङ्ग र उक्त शिवलिङ्ग माथिबाट अटुट जलधारा खसेको देखियो ।"

गुफा भित्र तर्फ ५/७ जना मानिस बस्न सक्ने फराकिलो पानी सहितको भूभाग, नागहरूले बेरिएको जस्तो देखिने शिवलिङ्ग र त्यसको माथि दायाँ तर्फ पञ्चाङ्ग देवताको मूर्ति, साना साना पानीका कुण्ड, गाईका आकृति जस्ता धेरै मनमोहक दृश्य रहेको छ ।

"गुफा भित्र विभिन्न मादल जस्ता विभिन्न बाजा गाजाका सरसमानको आकार पनि देखिन्छ," उनले भने-"ती बाजा आकारका संरचना बजाउँदा आवाज समेत सुनिन्छ, झट्ट सुन्दा अपत्यारिलो लाग्न सक्छ, गुफा भित्रको दृश्य र वास्तविकता कल्पनाको स्वर्ग जस्तै छ ।" धार्मिक पर्यटनका धेरै सम्भावना रहेको महसुस गरी गुफा पत्ता लागे यता स्थानीयवासी त्यसको संरक्षणमा लागि परेका छन् । उरामपोखरा गा.वि.स. महिला समन्वय समितिकी अध्यक्ष एवम् स्थानीय श्री चन्द्र उच्च मा.वि.की शिक्षिका हुमकला शर्मा भौगोलिक विकटता, भौतिक पूर्वाधारको अभाव आदिका कारण यहाँको पर्यटकीय आकर्षणलाई पर्यटन बजारमा पुऱ्याउन नसकिएको बताउछन्।

गुफा भित्र रहेका त्रिशुल आकारका आकृति, वैदिक समाजमा १०८ ऋषिमुनीले तपस्या गरे जस्तो दृश्य, शेषनागको जस्तो आकारमा रहेका नागले बेरिएको शिवलिङ्ग र त्यहाँ माथि गाइका थुन जस्ता ठाउँबाट निरन्तर आएको जलधारा, भगवानहरूले लगाउने मुकुट जस्ता धेरै दृश्य धार्मिक पर्यटनका लागि विशिष्ट आकर्षण बन्न सक्ने उनले बताए । सानो प्वालबाट छिरेर प्राकृतिक लिस्नो (भऱ्याङ) पार गरेर तल झरे पछि ५/७ जना व्यक्ति बसेर गुफा र त्यहाँ भित्रका दृश्य हेर्न सकिने उनले जानकारी दिए ।

धेरै सम्भावना बोकेको यो स्थललाई राज्यको सहयोग भएमा धार्मिक पर्यटनको उत्कृष्ट गन्तव्य बनाउन सकिने उनको भनाइ छ । केही काम आँट्नु परेमा शिबपुरी धामलाई सम्झेमा मनले चिताएको पुग्ने जनविश्वास यहाँको अर्को विशिष्टता हो । त्यहाँको प्रचार प्रसार एवम् विकासमा जागरुक बनेका स्थानीयवासीले गुफासम्म सामूदायिक बत्ति लगेका छन् भने भगवान शिबको पूजा हुने शिबरात्री, बालाचतुर्दशी जस्ता पर्वमा विशेष पूजा गर्ने गरेका छन् ।

अर्का स्थानीयवासी डोलराज तिवारीका अनुसार शिबपुरी धामका साथै यहाँ आसपासका पैयु कालिका कोट, घना जंगलको बीचमा रहेका आरी रह र खड्करे रह, शिबपार्वती खोला, गोर्लेङ टापु, नायवसाव, शिला शालिग्राम जस्ता ऐतिहासिक स्थलहरू यहाँको पर्यटकीय आकर्षण हुन् । पर्याप्त पर्यटकीय सम्भावना बोकेका यी स्थलको प्रचार प्रसार एवम् विकासका लागि देखिएको स्थानीय सकृयतामा राज्यको सहयोग अपरिहार्य भएको उनले बताए। रासस

# सुजुकीको 'सुपर क्यारी' पोखरामा

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २९ मंसिर ।**

सुजुकी गाडीको गण्डकी धौलागिरी क्षेत्रका लागि आधिकारिक विक्रेता बतास ब्रदर्श प्रालिले यस क्षेत्रमा सुजुकीको नयाँ सुपर क्यारीको बुधवारवाट बिक्री शुभारम्भ गरेको छ । गाडीको बतास व्रदर्श प्रालिका कार्यकारी निर्देशक प्रमेश पराजुलीले एक कार्यक्रमका विच शुभारम्भ गरेका छन् । व्यवसायिक प्रयोजनमा सुपरक्यारी उपयोगि हुने र यसको उत्कृष्ट माइलेज र उच्च भारवहन क्षमताले गर्दा ग्राहकले उच्च मुनाफा आर्जन गर्न सक्ने पराजुलीले बताए ।

यो गाडी विशेष गरि भ्यालीभित्र हलुका प्रकृतिका सामानहरु वोक्नका लागि उपयुक्त हुने पराजुलीले वताए ।

यो गाडीको माईलेज २२ दशमलव ७ प्रतिलिटर रहेको र गाडीको अधिकतम क्षमता ८० किमी प्रतिघण्टा रहेको बतास व्रदर्श प्रालिका मेनेजर गणेश



ढकालले जानकारी दिए । सुजुकी क्यारीको सुरुवाती विक्री मूल्य १२ लाख ४९ हजार रहेको र विक्री शुभारम्भको अवसरमा २० हजार नगद छुटको व्यवस्था गरिएको ढकालले जानकारी दिए ।

गाडीको टर्निङ ऱ्याडियस ह्याचब्याक सँग मिल्दो जुल्दो रहेको यसमा लाईट स्टेरिङ ह्विवल, मोवाईल चार्जिङ सकेट, डुअल एसिस्ट ग्रिप, मल्टि पर्पोज स्टोरेज स्पेस, लक गर्न मिल्ने ग्लोभवक्स र वोटल होल्डर लगायतका विशेषता रहेको कम्पनीले जनाएको छ । कार्यक्रममा बतास अग्रनाईजेशनका मानव संशाधन विभाग प्रमुख विश्वमणी भण्डारी र कम्पनीका प्रतिनिधि विश्व थापाले पनि गाडीको विशेषताका वारेमा भनाई राखेका थिए । नेपालमा सुजुकी गाडीको विक्रेता चौधरी ग्रुप अन्तर्गतको सिजी मोटोकर्प रहेको छ ।

# अखिल क्रान्तिकारीद्वारा मागपत्र पेश

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २९ मंसिर ।**



नेकपा (माओवादी) निकट अखिल क्रान्तिकारीले केन्द्रीय कार्यक्रम अनुसार मणिपाल मेडिकल कलेज पोखरामा बुधबार दिउँसो मागपत्र पेश गरेको छ । पटक-पटक माग राख्दा पनि बेवास्ता भएपछि अखिल क्रान्तिकारीले देशव्यापी रुपमा मेडिकल कलेजको लेखा शाखामा तालाबन्दी गरेको संगठनका केन्द्रीय सदस्य तथा कास्की उपाध्यक्ष आश गुरुङले जानकारी दिए । एक अञ्चल एक आंगिक मेडिकल कलेज विस्तार, एमविविएस र विडिएसमा विद्यार्थी भर्ना कोटा बृद्धि, एमविविएस र विडिएसको चर्को शुल्क खारेज, गुणस्तरीय पठन-पाठन, भौतिक पूर्वाधारको व्यवस्था गरिनुपर्ने अखिल क्रान्तिकारीले माग राखेको छ। यस्तै अन्य मागहरुमा एमविविएस र विडिएसमा विकट क्षेत्र, सीमान्तकृत र गरिब विद्यार्थीलाई पूर्ण छात्रवृत्तिमा पढ्ने व्यवस्था, सबै मेडिकल कलेजमा २० प्रतिशत छात्रवृत्ति ग्यारेन्टी, प्रवेश परीक्षामा लिइने शुल्क खारेज रहेका छन् ।

अखिल क्रान्तिकारीले विदेशी र स्वदेशी विद्यार्थीको हकमा एउटै मापदण्डमा प्रवेश परीक्षा गर्नुपर्ने र प्रवेश परीक्षाको योग्यताक्रमका आधारमा भर्ना र भर्नामा हुने दलालीकरणको अन्त्य गर्न पनि माग राखेको संगठनका केन्द्रीय सदस्य गुरुङले बताए ।

अण्डर टेवलमा लिइने शुल्क खारेज, बढी शुल्क अशुल्ने कलेजको सम्बन्धन खारेज, विगतका सहमति र जायज माग पुरा गर्न पनि संगठनले सम्बन्धित निकायलाई चेतावनी दिएको गुरुङ्ले औल्याए ।

केन्द्रीय कार्यक्रम अन्तर्गत अखिल क्रान्तिकारीले मंसिर १४ गते पत्रकार सम्मेलन, मंसिर १५ गते उप-कुलपति, मेडिकल काउन्सिल, डीन र कलेजहरूमा माग पत्र बुझाउने काम गरिसकेको र बुधबार मेडिकल काउन्सिल, डीन कार्यालय र कलेजको लेखा शाखामा तालाबन्दी गरेको तर कास्कीमा माग पत्र पेश गरेको विद्यार्थी केन्द्रीय नेता गुरुङ्ले जानकारी दिए । यदि सम्बन्धित निकायबाट माग सुनुवाई नभए पुस १ गते कलेज अगाडि विद्यार्थी प्रदर्शन गर्ने र पुस ३ गतेदेखि नयाँ चरणको संघर्षमा उत्रने नेता मल्लले चेतावनी दिए ।

# नर्मदेश्वरमा पुनःआचार्य

**पोखरा २९ मंसिर ।**

लेखनाथ-१, मोदौरुकुनामा अवस्थित नर्मदेश्वर मोक्षआश्रम धाम संरक्षण समितिको अध्यक्षमा पुनः झविन्द्रराज आचार्य निर्विरोध निर्वाचित भएका छन् । समितिको उपाध्यक्षमा धर्मदत्त पौडेल र शान्तिदेवी पौडेल, सचिव किरण राज भण्डारी, सह-सचिव रोशन पोखेल, कोषाध्यक्ष शक्तिवल्लव ढकाल, सदस्यहरु राजकुमारी आचार्य, पार्वती गिरी, शुकुमाया सुनार, हरिराम पौडेल, सन्तोष अधिकारी जयशम्भो, रक्षा भण्डारी, निर्मला पौडेल, बलबहादुर विक चयन भएका छन्। मंगलवार भएको आठौं साधारणसभा तथा चौथो महाधिवेशनले यो समिति चयन गरेको छ । समितिको सल्लाहकारहरु र थप १ जना सदस्यपछि मनोनित गर्ने जिम्मा अध्यक्षलाई दिइएको निर्वाचन समितिका संयोजक अधिवक्ता मातृकाप्रसाद लामिछानेले जानकारी दिए ।

# लामाचौरका वृद्धवृद्धाहरु तीर्थ यात्रामा

**पोखरा २९ मंसिर ।**

हिमालय क्लव पोखरा-१६, बाटुलेचौरको आयोजना र सांसद कुमार खड्काको सहयोगमा ३० जना वृद्ध वृद्धाहरु तीर्थयात्रा गएका छन् । क्लव परिसरमा आयोजित कार्यक्रमका बीच तीर्थयात्रीहलाई सांसद खड्काले रामनामी आडाई बिदाई गरेका थिए ।

सांसद खड्काले आमा बाबुहरुलाई तीर्थयात्रामा पठाउँन पाउँदा आफूलाई आत्मसन्तुष्टि मिलेको र सवैको अनुहारमा अहिले स्वर्गीय आफ्ना बाबुआमाको अनुहार देखेको भन्दै कार्यक्रमलाई संस्थागत र निरन्तरताका लागि आफूले सधैं सहयोग गर्ने बताए ।

कार्यक्रममा टोल विकास संस्था वडा नं १६ का अध्यक्ष पुष्पराज तिमिल्सिनाले यो कार्यले सधैं निरन्तरता पाओस भन्दै आफ्ना स्वर्गीय पिता नन्दलाल तिमिल्सिनाको स्मृतिमा तीर्थयात्रा कार्यक्रम स्मृतिकोष हिमालय क्लवले सञ्चालन गर्नेगरी एक लाख पर्याँ आफ्नो तर्फबाट प्रदान गर्ने घोषणा गरेका थिए ।

क्लबका अध्यक्ष जीवनारायण श्रेष्ठ जीवनको अध्यक्षतामा सम्पन्न कार्यक्रममा ने.क.पा. एमाले वडा नं. १६ का अध्यक्ष सुवास अधिकारी ने.क.पा. माओवादी केन्द्र पोखरा-१६ का अध्यक्ष गुरुदत्त भट्टराई, अखण्ड नेपाल पार्टी पोखरा-१६ का अध्यक्ष होमबहादुर खड्का, क्लबका मानार्थ सदस्य, सल्लाहकार, कार्य समितिका सदस्य एवं तीर्थ यात्रीहका परिवारका सदस्यहको उपस्थिति रहेको थियो । यात्रीहले देवघाट, पशुपति, दक्षिणकाली र बुढानीलकण्ठ जस्ता धार्मिक स्थलहको अवलोकन एवं दर्शन गर्नेछन् । यात्रामा लामाचौर, अर्मला र बाटुलेचौर क्षेत्रका वृद्धवृद्धाहका साथै क्लबका द्वितीय उपाध्यक्ष जितबहादुर खड्का कार्य समितिका सदस्यहरु दुर्गा केसी थापा र रामजी जि.सी. सहभागी छन् । गत वर्ष हिमालय क्लब र नव आर्दश सामुदायिक विकास समाजको संयुक्त आयोजनामा सांसद् कुमार खड्काको सहयोगमा यस क्षेत्रका वृद्ध-वृद्धाहलाई तीर्थ यात्रामा लगिएको थियो ।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on :
www .goldennews .com .np

## सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

## सार्वजनिक सूचना

यस ले.न.पा वडा नं. १, बस्ने राजकुमार श्रेष्ठकी श्रीमती सीता श्रेष्ठको नाममा रहेको साविक शिशुवा १ को कित्ता नं. ७२९२ समेत क्षेत्रफल ०-३-२-० को जगगामा घर निर्माण गर्न लाग्नु भएकाले तपाईँ साँध सधियारा कोही कसैलाई बाधा अड्चन पर्ने भए आजका मितिले ७ दिन भित्रमा यस कार्यालयमा सम्पर्क गर्न अनुरोध गरिन्छ ।

सम्पर्क : **लेखनाथ नगरपालिकाको कार्यालय**
लेखनाथ-७, तालचोक, कास्की, फोन : ०६१-५६०३८०

## सेक्युरिटी गार्डमा वैदेशिक रोजगारमा जानको लागि तालिमको सुवर्ण अवसर

Abudhadi को Spark middle Cast Star Skill Force, UAE को DPS, कतारको Group-4, बहराईन, मकाउ लगायतका देशहरुमा सेक्युरिटी गार्डमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रियस्तरको Diplomatic सेक्युरिटी गार्ड तालिम, अंग्रेजी भाषा र अन्तरवार्ताको तयारी कक्षाहरु सञ्चालन भइरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गरि आफ्नो सुनौलो भविष्यको सुनिश्चित गर्नुहोला।

हाम्रो विशेषताहरू :
❖१००% उत्तीर्ण गराउन सफल।
❖छोटो समयमा नै ख्याती प्राप्त गुणस्तरीय तालिम।
❖DPS र PSBD का Objective Questions Answer को प्राक्टिकल र मोडल Questions Answer को अध्ययन गराइने।

सम्पर्क
आर्मोर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि
पृथ्वीचोकबाट १०० मि. तल एयरपोर्ट जाने बाटोमा
(मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा इलेक्ट्रोनिक्स भवन -तल्लो तलामा)
फोन नं. ०६१-५३०७२४, मो.९८४६३५५३४२,९८०६७०८२४६

# व्यापार मेलामा आज शारीरिक सुगठन

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २९ मंसिर ।**

पोखराको नयाँबजारमा जारी राष्ट्रिय औद्योगिक व्यापार मेला अन्तर्गत बिहीबार शारीरिक सुगठन प्रतियोगिता आयोजना हुने भएको छ । आम पोखरेलीलाई शारिरीक सुगठनबारे जानकारी दिन तथा स्वास्थ्यप्रति सचेतता बढाउन प्रतियोगिता आयोजना गरिएको संघका अध्यक्ष विश्वशंकर पालिखेले बताए। बिहीबार हुने सो प्रतियोतितामा ५५, ६०,६५,७० किलोग्राम तथा खुल्ला गरी पाँच विधामा प्रतिष्पर्धा हुनेछ। प्रतियोगितामा करिब २६ जना खेलाडीको सहभागिता रहने र विजेताहरुले नगद सहित मेडल र प्रमाणपत्र प्राप्त गर्ने संघका कोषाध्यक्ष तथा साँस्कृतिक उपसमिति संयोजक पवनकुमार प्रजापतिले जानकारी दिए ।

यसैगरी मेलामा बिहीबार लोकदोहोरीतर्फ रामजी खांड, शंकर बिरही गुरुङ, जीवन दाहाल,सुरेन्द्र गुरुङ, रामजी पौडेल,भिमसेन खतिवडा,कृष्ण अखेली,शान्ती डोटेल, रमा राना, प्रिया गुरुङ, नेत्र खड्काको प्रस्तुति रहनेछ भने पपतर्फ आनन्द बज्राचार्य र रजनी राई विशेष आकर्षणको रुपमा रहने छन् । यसैगरी हाँस्य कलाकार पल्पसा र सुरवीर तथा पिसिसिआई गायन तारा प्रतियोगिता पनि मेलाको आकर्षणको रुपमा रहनेछन् । मेला आयोजक संस्था पोखरा उद्योग वाणिज्य संघका महासचिव दामु अधिकारीका अनुसार बुधबारसम्म करिब ८० हजार जनाले मेलाको अवलोकन गरेका छन् भने मेलास्थलबाट झण्डै सात करोड ५० लाख रुपैयाँको कारोवार भएको छ ।

लगानीको सम्वर्द्धन : उद्योग व्यवसायको प्रवर्द्धन भन्ने मूल नाराका साथ मंसिर २३ गतेबाट सुरु भएको मेला पुस ४ गतेसम्म जारी रहने संघका वरिष्ठ उपाध्यक्ष रवीन्द्रबहादुर प्रजुले जानकारी दिए । उनका अनुसार स्थानीय उत्पादनको प्रवर्द्धन र बिक्री बितरण गर्दै व्यवसायीहरुलाई उद्यमशिलता सिकाउन मेला आयोजना गरिएको हो ।

## विदेश जानेहरूका लागि सुवर्ण अवसर

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरू :- तयारी कक्षा धमाधम चलिरहेको छ ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

सम्पर्क | फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट २०० मिटर तल (स्याङ्जा जाने बाटो)
होटल दिपमाला संगै
फोन:०६१-५५०२५२, मो. ९८४६०४१४९२

## अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।

यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।

हामीकहाँ पियार एलोभेरा जुस पाइन्छ ।

महिला सम्वन्धि समस्या
महिनामारी गडवढी, सेतोपानी वग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वोदिक पद्दतिबाट सफल उपचार ।

जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने

सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।

दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।

थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दु:खाई ठिक पार्ने मसाज तेल ।

शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

## पोखरामा पहिलो पटक

यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनलिल।
❖ अब Facebook मा www.facebook.com/Pokhara Herbal Home

पोखरा हर्वल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

# आमा मिलन केन्द्र बहुउद्देश्यीय भवन निर्माणमा

**पोखरा २९ मंसिर ।**

आमा मिलन केन्द्रले पोखराको नागढुङ्गामा आफ्नै बहुउद्देश्यीय सामाजिक भवन निर्माण गर्ने भएको छ । सूचना केन्द्र, ज्येष्ठ नागरिकहरुका लागि दिवा सेवा केन्द्र र सामाजिक सभा समारोहका लागि आधुनिक सभाहल सहितको बहुउद्देश्यीय भवन निर्माण गरिने आमा मिलन केन्द्रकी अध्यक्ष ईन्दिरा पौडेलले बताइन् ।

प्रारम्भिक लागत करिव ३० लाख रुपैयाँमा भवन निर्माण पूरा हुने अनुमान लगाइएको छ । आमा मिलन केन्द्रको आफ्नै निजी श्रोतबाट ५ लाख र बालबालिका तथा महिला मन्त्रालयबाट १० लाख रुपैयाँ भवन निर्माणका लागि रकम प्राप्त भइसकेको पौडेलले बताइन् । सांसद शारदा पौडेलले बहुउद्देश्यीय भवनको बुधबार शिलान्यास गर्दै भवनका निर्माणका लागि आफ्नो तलवबाट १ लाख ५० हजार प्रदान गर्ने प्रतिबद्धता जनाइन् । आमा मिलन बचत तथा ऋण सहकारी संस्था लिमिटेडका प्रबन्ध निर्देशक ध्रुबराज पौडेलले व्यक्तिगत १ लाख रुपैयाँ प्रदान गर्ने प्रतिबद्धता जनाए ।

भवन निर्माणका लागि स्थानीयहरु कमला श्रेष्ठले २५ हजार, राजकुमार मुल्मीले ११ हजार १ सय ११, लक्ष्मी पोखरेलले १० हजार ५ सय ५५, यमुना ढकालले १० हजार १ सय, ग्याल्पु लामा, पबित्रा गिरी र चण्डीप्रसाद अर्यालले समान १० हजार र मनु लामिछानेले ५ हजार १ सय ५ रुपैयाँ प्रदान गर्ने प्रतिबद्धता जनाए ।

६ सय भन्दा बढि आजीवन सदस्य रहेको केन्द्रले ०६८ देखि आमा मिलन बचत तथा ऋण सहकारी संस्था सञ्चालन गर्दै आएको छ । १ हजार ८० शेयर सदस्य रहेको संस्थाको हाल ५ करोड ८० लाख चुक्ता पुँजी र ११ करोड ५० लाख रुपैयाँ बचत संकलन छ । कार्यक्रमका प्रमुख अतिथि सांसद शारदा पौडेल, पोखरा उप-महानगरपालिकाका बरिष्ठ अधिकृत ओमराज पौडेल र आमा मिलन केन्द्र बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष पृथ्वीराज तिमिल्सिना लगायतले बोलेका थिए । केन्द्रकी अध्यक्ष ईन्दिरा पौडेलको अध्यक्षतामा भएको कार्यक्रम सञ्चालन सचिव शर्मिला लम्सालले गरेकी थिइन् ।

# पश्चिमाञ्चल होटल संघको आफ्नै भवन

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २९ मंसिर ।**



पश्चिमाञ्चल होटल संघ पोखरा बुधबारदेखि आफ्नै नयाँ भवनमा सरेको छ । लेकसाइडको मुटु डिहिको पाटन स्थित नवनिर्मित चार तले भवनको होटल संघ नेपालका अध्यक्ष अमरमान शाक्यले उद्घाटन गरेका थिए । सचिवालय, हल तथा व्यापारिक सटरसहितको तीन आना क्षेत्रफलमा बनेको भवनबाट संघले आफ्नो सेवा सुरु गरिसकेको छ । भवनको उद्घाटन गर्दै होटल संघ नेपालका अध्यक्ष शाक्यले नयाँ भवनसँगै पश्चिमाञ्चल होटल संघले आफ्ना सदस्यलाई प्रदान गर्ने सेवा थप प्रभावकारी हुने विश्वास व्यक्त गरे । सरकारले सुरु गरेको घुमिफिर बर्ष प्रभावकारी हुन नसके पनि सन् २०२० को भिजन ट्वान्टीलाई सफल पार्न होटल संघले आफ्नो तयारी अगाडि बढाइहेको पनि उनले सुनाए । संघ सधैं नेपाल पर्यटन बोर्ड र आफ्ना सदस्य संस्थाहरुसँग हातेमालो गर्दै पर्यटनलाई अगाडि बढाउन तयार रहेको उनले सुनाए ।

पश्चिमाञ्चल होटल संघ पोखराका अध्यक्ष भरतराज पराजुलीले आठ महिनाको अवधिमा स्मृति कन्स्ट्रक्सनले संघको भवन तयार पारेको जानकारी दिए । होटल संघ नेपाल, क्षेत्रीय संघका पदाधिकारी, सल्लाहकार तथा सदस्यहरुबाट रकम संकलन गरी भवन तयार गर्न संभव भएको उनले सुनाए । सो अवसरमा पराजुलीले पर्यटन क्षेत्रमा पनि होटल क्षेत्र सबैभन्दा बढी लगानी भएको क्षेत्र भएको स्मरण गराउँदै लगानीको संरक्षणका लागि व्यवसायिक एकताको जरुरी भएको आबश्यकता औंल्याए ।

संघका संस्थापक अध्यक्ष एवं सल्लाहकार हरिध्वज तुलाचनले पर्यटन क्षेत्रमा प्रचार र आफ्नो पन सबैभन्दा ठूलो कुरा भएको बताउँदै होटल क्षेत्र र समग्र नेपाली पर्यटनको विकास तथा प्रवर्द्धनका लागि सम्बन्धित सबै पक्ष गम्भीर भएर अगाडि बढ्नुपर्ने सुझाव राखे । संघका पूर्व अध्यक्ष, सल्लाहकार एवं पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विश्वशंकर पालिखेले टिमवर्क र मेहनतका कारण संघ आफ्नै भवनमा सर्न सफल भएको बताउँदै हितकारी मनहरुलाई धन्यवाद दिए । पोखरालाई आफूहले उत्सव र महोत्सवको शहर बनाउन खोजिरहेको बताउँदै अंग्रेजी र नेपाली नयाँ वर्ष जस्तै नेपालमा चिनियाँ नयाँ वर्ष मनाउने तयारी पनि आफूले गरिरहेको बताए ।

नयाँ वर्ष मनाउन भारतको गोवा गए जस्तै नेपालमै मनाउने प्रचलन पनि पोखरेली व्यवसायीले सुरु गरेको बताउँदै फरक पोखराको खानेपानी मुहान क्षेत्रको सरसफाई र संरक्षण योजनामा सबैको सहयोगको अपेक्षा उनले गरे ।

संघका सल्लाहकार एवं पूर्व अध्यक्ष लक्ष्मीबहादुर भट्टराईले पर्यटनको विकासमा संघले उल्लेखनीय भूमिका खेल्दै आएको बताए । संघका प्रथम उपाध्यक्ष विकल तुलाचनले स्वागत मन्तव्य व्यक्त गरेको कार्यक्रमको संचालन संस्थाका महासचिव भेकेन्द्र कुमार श्रेष्ठले गरेका थिए ।

# आइसियूमा रहेका लालबहादुरलाई सहयोग

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २९ मंसिर ।**



पुराना सारङ्गीबादक लालबहादुर गायक मुटुरोगबाट पीडित छन्। उनको यतिबेला काठमाडौंस्थित ग्राण्डी अस्पतालमा उपचार भैरहेको छ। अस्पतालले उनलाई आइसियूमा राखेर उपचार गरिराखेको उनको परिवारले जनाएको छ। दशैंपछि उनलाई रोगले च्यापेको हो। तर मंसिरको शुरुवातसँगै उनलाई रोगले थला पार्‍यो। 'शुरुमा पेट पोल्यो। त्यसपछि हातखुट्टा पोल्न थाल्यो। त्यसपछि त बोल्नै नहुने, ज्वरो मात्रै आउने, ज्यान सुन्निने जस्तो समस्या देखिन थाल्यो।' लालबहादुर गायककी श्रीमतीले भनिन्-'जचाउँन अस्पताल लगियो। तर पोखराका डाक्टरहरुले काठमाडौं रिफर गरे।' यतिबेला आइसियूमा राखेर ४५ वर्षिय लालबहादुरको उपचार भैरहेको उनले सुनाईन्।

कास्की हेमजाको यो परिवार सामान्य परिवार हो। लालबहादुरका दुई छोरामध्ये जेठो चाँहि खाडीतिर काम गर्छन्। कान्छो चाँहि पोखरामै सामान्य व्यवसाय गरेर बसिरहेका छन्। ग्राण्डीमा उपचाररत लालबहादुरको खर्च ठूलै आएको छ। सामान्य परिवारको खर्चले उनको उपचारलाई थेग्न सक्दैन। लालबहादुरको यहि समस्यालाई देखेरै हेमजा घर भएकै गायक बिनोद बानिँयाले उनको उपचारका लागि विदेशमा रहेका आफ्ना साथीहरुलाई सहयोगका लागि अपिल गरे। अमेरिकामा रहेका उनका साथी ध्रुब कुँवरले सहयोग उठाउने जिम्मा लिए। उनी लगाएत उनको समूहले केहि समय सहयोगका लागि अमेरिकामा अपिल गर्‍यो। र, जम्मा भयो नेपाली रकम २ लाख।

त्यहि २ लाख रुपैयाँ गायक बिनोद बानिँयाले बुधबार विरामी स्रष्टा लोकबहादुरको परिवारलाई उपलब्ध गराएका छन्। 'एउटा स्रष्टा आर्थिक अभावमा अल्पायुमै जानु हुँदैन। उनीहरुलाई बचाउनुपर्छ भन्ने हिसाबले नै मैले मेरा साथीहरुलाई पहल गरेको हुँ।' गायक बानिँयाले बुधबार भने-'यो सहयोग रकमले धेरथोर उहाँको उपचारमा सहयोग पुर्‍याउनेछ।'

स्रष्टाहरुलाई मृत्युपर्यन्त सम्झनुभन्दा उनीहरुलाई मृत्युको मुखबाट फर्काउनु ठूलो कुरो भएको बानिँयाले बताए।

लोकबहादुर एक हप्ता यता ला ग्राण्डीको आइसियूमा उपचाररत रहेको उनका भाई सम्मर गायकले जानकारी दिए। 'दाईको अवस्था अहिले अलिक सुधारोन्मुख छ। डाक्टरले नआत्तिन भनेका छन्। जे होस्, दाईलाई केहि हुदैन भन्नेमा हामी ढुक्क छौं।' सम्मरले भने-'मुटुको भल्व फेर्नुपर्ने भनेका छन्। पुरानै लयमा उहाँ फर्किन नसकेपनि उहाँलाई सकुशल राख्न भने सकिने आश्वासन डाक्टरले दिएका छन्।'

लालबहादुर विशेषगरि रत्यौलीमा चर्चित नाम हो। त्यो सँगै उनलाई गाउँगाउँका मानिसहरुले सारङ्गीबादकको रुपमा चिन्छन्। बैंशमा उनी सारङ्गी बोकेर धेरै गाउँ चहारेका छन्। धेरै गाउँका भाकाहरुलाई उनले प्रचार गरेका छन्। खासगरि 'फूलको बासना', 'धान झुलेको छ' जस्ता चर्चित गीतहरु उनैले लय भरेका गीतहरु हुन्। लालबहादुरको उपचारको लागि सहयोग गरिदिन उनको परिवारले सबैसमक्ष अपिल समेत गरेको छ।

# पोखरामा टेनिस कोर्ट निर्माण धमाधम



**पोखरा २९ मंसिर ।**

पूर्वाञ्चलमा आयोजना हुने सातौं राष्ट्रिय खेलकुदका लागि राष्ट्रिय खेलकुद परिषद आफ्नो तयारीमा जुटिरहेको बेला पोखरेली लन टेनिसका पदाधिकारी र सदस्य भने लङ टेनिसको खेल कोर्ट निर्माण गर्न तल्लिन रहेका छन् ।

सातौं राष्ट्रिय खेलकुद अन्तर्गत अधिकांश खेलहरु पूर्वाञ्चलमा आयोजना हुने भए पनि पश्चिमाञ्चलको केन्द्र पोखराले पनि एउटा खेल आयोजना गर्ने जिम्मेवारी पाउने भएको हो । सातौं खेलकुदको आयोजक राष्ट्रिय खेलकुद परिषदले पोखरामा लङटेनिसको आयोजना गर्ने भएपछि लङ टेनिसका खेलाडीसहित सबैमा उत्साह छाएको छ ।

पोखरा रंगशाला भित्र रहेको टेनिसको मैदान भित्र यति बेला पाँचौ नम्वरको कोर्ट तयार हुने अवस्थामा रहेको कास्की जिल्ला लन टेनिस संघका सदस्य हरि सिग्देलले बताए । करिब १० लाख ५० हजारको लागतमा तयार हुन लागेको कोर्ट अब अन्तिम चरणमा पुगेको संघका अध्यक्ष बिनोद कायस्थले बताए ।

अहिलेसम्म परिषद वा कतैबाट पनि आर्थिक सहयोग प्राप्त नभए पनि कोर्ट तयारी चरणमा रहेको सिग्देलको भनाई थियो । "हामीले आम खेलप्रेमी पोखरेलीहरुलाई लन टेनिसको राष्ट्रिय खेलमा प्रत्यक्ष अवलोकनका लागि समेत आह्वान गर्ने छौं" अध्यक्ष कायस्थले भने- "यो वृहत् कार्यक्रमको सफल बनाउन सवैको सहयोग आवश्यक छ ।" पुष ८ गतेबाट सुरु हुने टेनिसको राष्ट्रिय खेलका लागि छनौटका सम्पूर्ण कार्यक्रम सम्पन्न भइसकेको छ । लन टेनिसका लागि पोखरामा ८० जनाले प्रतिष्पर्धा गर्नेछन । जसमा ४० जना महिला खेलाडी रहनेछन ।

प्रत्येक विकास क्षेत्र बाट १० जना खेलाडीको सहभागिता रहने भएको छ जसमा ५ जना महिला रहने छन् भने तीन विभागीय टिमबाट समेत १०-१० जना खेलाडीहरुको सहभागिता रहनेछ ।

# कृषि सहकारी टोलीको भ्रमण

**पोखरा २९ मंसिर ।**

पोखरा-२६ सराङ्गकोटमा रहेको भावना सामुदायिक कृषि सहकारी संस्था लिमिटेडले संस्थाका शेयर सदस्यहरुलाई विभिन्न स्थानको अध्ययन अवलोकन भ्रमण सम्पन्न गरेको छ । संस्थाका अध्यक्ष शिवप्रसाद कोइरालाले सहकारीका सदस्यहरुका वीचमा सामुहिक भावनाको विकास गराउने र नयाँ ठाउँहरुसँग परिचित गराउने उद्देश्यले भ्रमण आयोजना गरिएको हो । कार्यक्रम अन्तर्गत शेयर सदस्यहरुलाई पर्वत र बाग्लुङ्ग जिल्लाको भ्रमण गराइएको हो ।

सो संस्थाले प्रत्येक वर्ष आफ्ना शेयर सदस्यहरुलाई देशका विभिन्न ठाउँहरुको अध्ययन अवलोकन भ्रमण गराउँदै आएको सहकारीका अध्यक्ष कोइरालाले जानकारी दिए । संस्थाले अघिल्लो वर्ष तनहुँ जिल्लाका विभिन्न धार्मिक, सांस्कृति एवं कृषि क्षेत्रहरुको भ्रमण कार्यक्रम सम्पन्न गरेको थियो । यस वर्षको कार्यक्रम अन्तगर्त बाग्लुङ्ग जिल्लाको धार्मिक एवम् पर्यटकीय क्षेत्र भगवती मन्दिरको दर्शन रहेको थियो । त्यसैगरी पर्वतको चर्चित पर्यटकीय क्षेत्रका रुपमा रहेका अग्ला झोलुंगे पुलहरुको पनि सहकारीका सदस्यहरुले अध्ययन अवलोकन गरेका थिए । पर्वतको कुश्मा बजारबाट अन्य ठाउँहरु जोड्ने तीनबटा झोलुंगे पुलहरु अग्ला ठाँउमा र लामा रहेका कारण लोकप्रिय पर्यटकीय स्थलका रुपमा चर्चित रहेका छन् । कुश्माबाट झाँदी, शिशुवा र बाग्लुङ्गको बलेवा जोड्ने पुलहरुले त्यहाँको स्थानीय जनजीवनलाई सहज बनाउन महत्वपूर्ण भूमिका खेलेका छन् ।

# पोखरामै बन्यो धरहरा, हेर्नेको भीड

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २९ मंसिर ।**



डेढ बर्ष अघि नेपालमा आएको विनासकारी भूपकम्पका कारण ऐतिहासिक सम्पदा धरहरा भत्कियो । भूकम्पले भत्काएको नौ तले धरहरा अहिले भग्नाशेषमा सीमित छ । त्यसको पूननिर्माणका लागि गुरुयोजना बनेको भएपनि काम अगाडि बढ्न सकेको छैन । तर पोखरामा एक ब्यक्तिले आफ्नै घरको छतमा धरहरा निर्माण गरेका छन् । करिव डेढ वर्ष वित्दा पनि धरहरा अझै निर्माणको काम हुन सकेको छैन भने निर्माण गर्ने तर्फ कसैले ध्यान नदिएको देख्दा दुःखी पोखरा-७, शान्तिनगर चोक बस्ने धनबहादुर तामाङले भने आफ्नै घरको छतमा धरहरा निर्माण गरेका छन् । करिव १ लाख ५० हजारको लागतमा उनले धरहरा निर्माण गरेका हुन् ।

सिन्धुली जिल्ला वेलघाडी गा.वि.स बाट २५ बर्ष अगाडि पोखरामा बसाई सरेर आएका तामाङ २०६९ सालमा काठ्माडौं वासबारी न्यूरो हस्पिटल उपचारको क्रममा पुग्दा धरहरा चढ्ने रहर थियो तर ब्यस्तताले गर्दा पुरा भएन् । फेरी आउँदा चढने बाँचा सहित पोखरा फर्किए । वीचमा फेरी जाने चाजोपाँजो मिलेन् । धरहरा चढ्ने उनको सपना बैशाख १२ गतेको भूकम्पले चकनाचुर बनायो । त्यसपछि भने एक्कासी २०७२ वैशाख १२ गते मध्यान्ह आएको भूकम्पले धरहरा भत्किएसंगै उनको सपना सपनामै सीमित रहयो । धरहरा भत्किएको खवरले उनी निक्कै भावुक बने । त्यसपछि उनले आफ्नै घरको छतमा धरहरा निर्माण गर्ने योजना बनाए । गत कात्तिकमा उनले धरहरा निर्माण सुरु गरेर हाल निर्माण सम्पन्न भएको छ ।

धनबहादुरकी जीवनसंगीनि देवमाया भन्छिन्-'भूकम्पले हाम्रो धरहरा भत्कायो, प्राकृतिक वित्तिलाई कसैले रोक्न सक्दैन तर भत्कियो भन्दैमा हामी त्यसै वस्न हुदैन् । हामी नेपाली एक भयौ भने लडेको धरहरालाई पूननिर्माण गर्न समय लाग्दैन र बनाउन सक्छौ ।' उनले आफनो घरको छतमा बनाइएको धरहरा हेर्नका लागि पनि धेरै आउने गरेको सुनाए।

उनले पहिला आफूलाई नै के बन्न लागेको भन्ने बारे श्रीमानले जानकारी नदिइएको र बनेपछि मात्रै थाहा भएको बताए । उनले भनिन्-'जुन नमुना हामीले बनाएका छौ,त्यसलाई हेर्न धेरै मान्छे आउछन, यो हेरेरै भएपनि आउनेहरु खुशी हुदै फर्कन्छन् ।' सोही ठाँउमा बस्ने अनित थापा यही धराहरा भएपनि हेर्न धेरै मान्छे आउँछन् र आफुपनि हरेक शनिबार आउने गरेको बताउछन् ।

# पश्चिमाञ्चल माविको रजतजयन्ती सकियो

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २९ मंसिर ।**

पश्चिमाञ्चल माध्यमिक विद्यालयको रजत जयन्ती सप्ताहव्यापी कार्यक्रम सहित समापन भएको छ । एकसातादेखि विद्यालयमा चलिरहेको सप्ताहव्यापी कार्यक्रम बुधबार समापन गरिएको हो । रजत जयन्ती समापन कार्यक्रममा प्रमुख अतिथि पश्चिमाञ्चल क्षेत्रीय प्रशासक खगराज बरालले सबै बालबालिका सम्म शिक्षाको पहुँच बिस्तार गर्नुपर्ने बताए । उनले अझैपनि कतिपय बालबालिका पढ्नबाट बञ्चित रहेकोमा उनीहरुलाई विद्यालयसम्म पुर्‍याउन सबैको पहल जरुरी रहेको बताए । 'कोहीपनि बालबालिका शिक्षाबाट बञ्चित हुनु हुँदैन । सबैले कुनै न कुनै तहको शक्षा पाउनुपर्छ,' उनले भने-'त्यसमा सरकार र निजी क्षेत्रको सहकार्य हुनुपर्छ ।' कार्यक्रममा परीक्षा बोर्ड, प्याब्सन लगायतका संस्थाका पदाधिकारीले पश्चिमाञ्चल माविले शैक्षिक जनशक्ति उत्पादनमा पुर्‍याएको योगदानको चर्चा गरेका थिए । सप्ताहब्यापी कार्यक्रममो समापनमा बोल्दै पश्चिमाञ्चल माविका प्राचार्य ताराबहादुर घिमिरेले प्रविधिमैत्री शिक्षामा पश्चिमाञ्चल माविले जोड दिएको बताए।

पश्चिमाञ्चल फाउन्डेशन का अध्यक्ष प्राडा विश्वकल्याण पराजुलीले विद्यालय स्थापनादेखि हालसम्म भोगेका सहजता र असहजताका बारेमा जानकारी दिलाएका थिए । 'कुनैबेला हामीले सहजाताका साथ काम गर्‍यौं । कुनैबेला असहज अवस्था पनि भोग्नुपर्‍यो,' उनले भने-'हजारौं जनशक्ति उत्पादन गरेर शिक्षा क्षेत्रमा योगदान दिन सकेका छौं । यसमा हामीले गर्व गरेका छौं ।'

सप्ताहव्यापी कार्यक्रममा मंगलबार खुला रक्तदान आयोजना गरिएको थियो । समापन कार्यक्रममा विद्यालयका शिक्षक, शिक्षिका, विद्यार्थी, अभिभावक, लेकसिटी कलेज एण्ड रिसर्च सेन्टरका प्राध्यापक लगायतलाई सम्मान गरिएको थियो ।

पश्चिमाञ्चल माविका व्यवस्थापन, मानविकी र विज्ञान तथा लेकसिटी कलेजका उत्कृष्ट विद्यार्थीलाई समापन अवसरमा पुरस्कृत गरिएको थियो । त्यस्तै निवन्ध, कविता, बास्केटबल प्रतियोगिताका विजेतालाई पनि पुरस्कृत गरिएको थियो ।

विद्यालयमा गत २३ गतेदेखि सप्ताहव्यापी कार्यक्रम सुरु भएको थियो । सप्ताहव्यापी कार्यक्रममा वृद्धवृद्धा सम्मान, निबन्ध प्रतियोगिता, शैक्षिक प्रदर्शनी, बास्केटबल प्रतियोगिता, प्रतिभा प्रस्तुति, लगायतका गतिविधि भएका थिए ।

# अपाङ्गमैत्री...

*काम गरेकी काठमाडौंकी जुना केसीले ब्यवस्था मिलाएकी थिइन । आफूले नेपालमा अपाङ्गमैत्री वातावरण नभएतापनि पर्यटकको आग्रहकै भरमा नेपालको भ्रमण गराएकी बताइन । आगामी दिनमा अपाङ्गमैत्री सवारी, होटलमा ट्वाइलेटको ब्यवस्था गरेको खण्डमा ह्वीलचियर प्रयोगकर्ता मात्र नभइ अन्य अपाङ्गहरुलाई समेत घुम्न र बस्नको लागि सहज हुने उनको भनाइ रहेको थियो । अहिले मात्र नभइ अघिल्लो वर्षहरुमा पनि अपाङ्ग भएका पर्यटकहरु पोखरा आउने गरेका छन । अझैसम्म पनि नेपाल सरकारले अपाङ्गमैत्री संरचनाहरु बनाउन नसक्दा यस्ता पर्यटकहरुले सास्ती खेप्नुपरेको पोखराका पर्यटन ब्यवसायी नरेश भट्टराइले बताए । सरकारले एयरपोर्ट, विभिन्न पर्यटकीय स्थलहरुमा यस्ता संरचनाहरु बनाउन सकेको खण्डमा यस्ता पर्यटकहरुलाई सहज रुपमा बसोवास र हिंडडुल गर्न सक्ने भन्दै उनले सवारी साधन, होटलहरुमा पनि नया होटलहरुमा अपाङ्गमैत्री रुमहरु निर्माण भइरहेको बताए । नेपाल प्राकृतिक मनोरमले भरिपूर्ण देश भएको र यहाँ विभिन्न साहसिक, मनोरम दृश्य अवलोकन लगायत विभिन्न क्रियाकलापमा सहभागी हुने पर्यटकहरु आउने गर्दछन् । अन्य पर्यटक भन्दा अपाङ्गहरु अति संवेदनशील हुने भएकाले उनीहरुलाई यातायातका साधन, मनोरञ्जनात्मक क्रियाकलाप, अपाङ्गमैत्री हुनुपर्ने भएकाले यसबारेमा सम्बन्धित निकायले ध्यान दिएको खण्डमा अपांग भएका विदेशी पर्यटकहरुको नेपाल घुम्ने संख्यामा बृद्धि हुने पर्यटन व्यवसायीहरुको विश्वास छ ।*

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
**योर्स ट्रेड कन्सर्न**
*एशियन पेन्टस्, रोयल ईस्पायराका साथै सिपेजको समस्या सावधान, वाटर प्रुफिङ गरिन्छ ।*
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

**कर्मचारी चाहियो**
पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकस्थित चिनारी थकाली भान्छाघरका लागि निम्न कर्मचारी चाहियो ।
पद : कुक केल्पर संख्या : २ जना
पद : वेटर संख्या : २ जना
पद : किचन हेल्पर संख्या : १ जना
पद : डिसवासर संख्या : १ जना
सम्पर्क : **चिनारी थकाली भान्छाघर**
मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा, फोन : ०६१-५२६३०९

पाइल्स, फिस्टुला, फिसर तथा पेट सम्बन्धि विशेषज्ञ
डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरामा
धनवन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवम् पाइल्स, फिस्टुला, फिसर तथा पेट सम्बन्धि डा. राजिव घिमिरे पोखरामा यही मिति पुष २ गते शनिबार आउन लाग्नुभएकोमा स्वास्थ्य परिक्षण गरि सेवाको लाभ लिनुहोस्
हाम्रो सेवाहरू:
पाइल्स : कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला : मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पिप निस्कने, पोल्ने कब्जियत हुँदा दुखाई बढि हुने ।
फिसर : मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने दुख्ने एवम् दिशामा रगत देखिने ।
ग्याष्ट्रिक : मुखबाट अमिलो पानी आउनु, वाकवाकी हुने, पेट दुख्ने ।
अन्यरोगहरु : अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, बाथ, सुगर, पिनास, हाइड्रोएिल आदि ।
नोट : पाइल्स फिस्टुला, फिसर रोगको क्षारसुत्र विधीद्वारा विना अपरेसन गरिन्छ ।
विरामी जाँच्ने समय : विहान ९ बजेदेखि ५ बजेसम्म
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.**
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा